६१८

# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड २ ] काठमाडौं, आषाढ ३० गते २०१० साल [ संख्या ४७

## भाग २

## अर्थमन्त्रालयको सूचना

भारतीय फौजमा रहेका गोर्खाली जवानहरू घरबिदामा आउँदा प्रत्येकले १०० गज कपडाको मन्सार नतिरी ल्याउने नियम भइरहेको थियो । हाल नेपाल, भारत दुवै सरकारको स्वीकृतिअनुसार पहिलेको नियममा संशोधन भई, भारतीय फौजका गोर्खाली सैनिकहरू घरबिदामा आउँदा निजहरूले लिई आएका सर्टिफिकेट हेरी जाँची देहायबमोजिमको घरबिदामा देहायबमोजिमका कपडाहरूको मन्सार–महसूल नलिई त्यसको लगतसम्म राखी, छोडिदिन ०१०।२।२६।५ मा निकाशा भएको छ ।

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | |
|---|---|
| एक साबको बिदा लिई आएमा | ५० पचास गज. |
| दुइ साबको बिदा लिई आएमा | १०० शय गज. |
| तीन साबको बिदा लिई आएमा | १५० डेढशय गज. |

आज्ञाले—
हिमालयशमशेर.
सेक्रेटरी —अर्थमन्त्रालय.

## अर्थमन्त्रालयको सूचना

यही आषाढ २३ गते प्रकाशित भएको भ्रमण तथा दैनिक भत्ताको सवालमा निम्न लिखितअनुसार भूल हुन गएको देखिएकोले भूल—सुधार गरिएको छ।

| पृष्ठ | पंक्ति | अशुद्ध | शुद्ध |
|---|---|---|---|
| २६५ | ३ | दैनिक भत्ता खाना-खर्चबापत दिइएको | दैनिक भत्ता ठेकिएको छ। सो दैनिक भत्ता खाना—खर्चबापत दिइएको.... |
| ,, | १० | अथवा ४।८ | अथवा ४॥ (कंरु) |
| २६६ | ४ | दौडाहामा खर्चको | दौडाहा—खर्चको |
| ,, | १७ | दौडाहा जाँच इत्यादि कामलाई नै पनि | दौडाहा जाँच इत्यादि कामलाई नै भनी |
| २६७ | ४ | षटक गएको | पटक एकको |
| ,, | ५ | जनरललाई | जनरल मेनेजरलाई |

आज्ञाले—
हिमालयशमशेर,
सेक्रेटरी—अर्थमन्त्रालय.

---

(६२७) गोरखापत्र छापाखानामा मुद्रित
अधिकारिक प्रयोजनको लागि मात्र लागु हुनेछ।